# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २८ असार २०७९
# मङ्गलवार
# बैठक सङ्ख्या–३६

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्मानीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १४:१० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, अब म माननीय अनिता देवकोटालाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३२ बमोजिम सोही नियमावलीको नियम १०६ को उपनियम (१) को व्यवस्था निलम्बन गर्ने सम्बन्धित प्रस्ताव सभासमक्ष पेस गर्न अनुमति दिन्छु ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)ः-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा, सम्मानीय अध्यक्ष महोदयको अनुमतिले निम्न लिखित नियम निलम्बनको प्रस्ताव प्रस्तुत गर्न चाहन्छु । राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ को उपनियम (१) बमोजिम विधयेकमा संशोधनको सूचना सम्बन्धित प्रावधान हाल विशेष परिस्थिति बहस सामाजिक सुरक्षा (पहिलो संशोधन) )विधयेक, २०७९ नेपाल प्रहरी, प्रदेश प्रहरी, कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय (पहिलो संशोधन) विधेयक, २०७९ फौदारी कसुर तथा फौदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ र

यौन हिंसा विरुद्ध केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ को हकमा लागु गर्न नसकिने भएकोले आज २०७९ असार २८ गते अपराह्न २ बजेदेखि मिति २०७९ असार २९ गते उपराह्न २ बजेसम्म कायम रहने गरी राष्ट्रिय सभा नियमावली २०७५ को नियम १०६ को उपनियम (१) को बमोजिम ७२ घण्टाको संशोधन अवधिलाई छोट्याई २४ घण्टा कायम गर्न राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ को उपनियम (१) लाई सोही नियमावली नियम २३२ को उपनियम (१) बमोजिम निलम्बन गरियोस् भन्ने प्रस्ताव पेस गर्दछु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावका समर्थक माननीय गंगा कुमारी वेलवासेलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु ।

**माननीय श्री गंगा कुमारी वेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्ष महोदयको अनुमतिले माननीय अनिता देवकोटाले राख्नुभएको नियम निलम्बनसम्बन्धी प्रस्तावलाई समर्थन गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, उक्त प्रस्तावका अर्का समर्थक माननीय जयन्ती देवी राईलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु ।

**माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय अनिता देवकोटाले राख्नुभएको नियम निलम्बनसम्बन्धी प्रस्तावलाई समर्थन गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३२ बमोजिम सोही नियमावलीको नियम १०६ को उपनियम (१) को व्यवस्था निलम्बन गर्नेसम्बन्धी प्रस्तावलाई सभासमक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ नियम निलम्बनको प्रस्ताव सर्वसमितिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय गृह मन्त्री श्री बालकृष्ण खाँण**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय म माननीय गृह मन्त्री बालकृष्ण खाँणले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । माननीय प्रकाश पन्थ । समय ३ मिनेट ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, यो "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ को छलफलको क्रम विचार गरियोस्" भन्नेमा हामी छलफल गरिरहेका छौं । हामीले २०७२ सालमा संविधान जारी गरेको भए पनि मौलिक हकका सबै विधेयकहरू चैं ऐनहरू २०७५ असोज ३ गतेभित्र बनाइसक्नुपर्ने थियो । संविधान जारी भएको ३ वर्षभित्र बनाइसक्नुपर्ने एउटा संवैधानिक

व्यवस्थाहरू थियो । तर पूर्ववर्ती सरकार, त्यति बेलाको सरकार, अब त्यति बेलाको संसद सबैले, सबैको मिलोमत्तोमै भन्छु मैले चैं । मौलिक हकका सबै साराका सारा विधेयकहरू चैं एउटा बोरामा आए र अनि यताबाट फेरि अर्को बोरामा प्याक गरेर लगिएको थियो । हामी सांसदहरूले यो अधिकारमा काम गर्ने हामीहरूले मौलिक हकका विषयहरूमा छलफल गर्न पनि सकेनौं । त्यहाँ थुप्रै संविधानले निर्दिष्ट गरेका, विशेष व्यवस्थाहरू पनि गरेका थुप्रै विषयहरू जुन मौलिक हकका ऐनहरू बन्दै गर्दाखेरि थुप्रै कुराहरू ख्याल गर्नुपर्ने थियो । संविधानपछाडि मौलिक हक कार्यान्वयन गर्नका लागि बनेका ती सारा विधेयकहरूलाई त्यतिकै बोरामा ल्याएर बोरामै लगिएपछाडि कतिपय विधेयकहरूमा हाम्रा थुप्रै विषयहरू बाँकी नै छन् । संविधान अनुकूल बनाउन थुप्रै कुराहरू बाँकी नै छन् ।

त्यति नै बेला मैले एउटा प्रस्ताव राखेको थिएँ संसदमा । संशोधनको दर्ता पनि गरें । यो सामाजिक सुरक्षा ऐन बन्दै गर्दाखेरि त्यो विधेयक संसदमा आउँदै गर्दाखेरि अपङ्गता भएका व्यक्तिहरूले पाउने सामाजिक सुरक्षा भत्तादेखि लिएर ६० वर्षमुनिका एकल महिलाहरूले खाईपाई आएको भत्ता पनि रोकियो । त्यो काटिने गरी विधेयक आयो । अब त्यो विधेयकमा यो कुरा हामीले संशोधन आवश्यक छ । यसलाई परिमार्जन गरौं । सबै कुरा छलफल गर्न नसकिए पनि कम्तीमा यो दुइटा कुरा अपाङ्ग भएका व्यक्तिले खाइपाइ आएको भत्ता र अनि ६० वर्षमुनिका एकल महिलाले पाई आएको भत्तालाई चैं कम्तीमा यसलाई बचाउनुपर्यो भनेर मैले संशोधन गर्दाखेरि त्यति बेला अब सरकारको पेलाई त्यति बेलाको दुई तिहाइको संसदको पेलाइले चैं मेरा ती सारा सबालहरू, मेरा प्रस्तावहरूलाई फेलै गरेर अगाडि बढेको स्थितिहरू थियो ।

त्यसपछि हाम्रा तुरुन्तै हाम्रा विरोधहरू भएपछि सरकारले क्याविनेटमार्फत त्यसलाई निरन्तर दिएको थियो । र पछि मैले अब यो यतिले मात्र पनि भएन सरकारले कहिले दिन्छु भन्छ, कहिले दिन्नँ भन्छ, कहिले काट्छ, कहिले रोक्छ गरिरहेको स्थितिमा यसलाई संशोधन नै गरुम् भनेर मैले एउटा विधेयक नै, एउटा प्राइभेट बिल बनाएर मैले संसदमा दर्ता गरेको र त्यो बिल अहिले पनि संसदमा छँदै छ । त्यो दर्ता भएर बसिरहेको अवस्थामा छ । मैले ३ वर्षअगाडि बिल दर्ता गर्दागर्दै पनि फेरि त्यति बेलाको सरकारले अध्यादेशमार्फत ती कुराहरूलाई सम्बोधन गर्यो । मेरै विषय, मेरै सवालसारा इस्युहरू, विषयहरू एउटै छ । तर त्यही विषयमा संसदमा विधेयक हुँदाहुँदै सरकारले अर्को फेरि अध्यादेशमार्फत त्यसलाई लियो । यसलाई राजनीतिक पनि गरियो । मौलिक

हकका विषयलाई राजनीतिक गरियो । जसअपजस लिने खेलमा अगाडि सरकारहरू पनि बढेको थियो । र अहिले त्यही फेरि अध्यादेशकै रूपमा निरन्तर छ ।

यसरी एउटा सांसदको सिर्जनशीलतालाई मास्ने गरी केही प्रयासहरू पनि भए । मैले त्यसको घोर विरोध पनि गर्न चाहन्छु । र अहिले ढिलै भए पनि यो आ'को छ । यसलाई हार्दिक स्वागत गर्न चाहन्छु । मैले प्रस्ताव गरेका विषयहरू यहाँ सम्बोधन भएर आएका छन् । यी सबै कुराहरूलाई स्वीकार, स्वागत गर्दै आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । र माननीयज्यूहरूका सिर्जनशीलतालाई कुनै पनि बहाना न सरकारले, संसदले मोर्ने मास्ने कोसिसहरू नगरोस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल । समय ३ मिनेट ।

**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हामी आज "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" को बारेमा छलफल गरिरहेका छौं । र "सामाजिक सुरक्षा ऐन, २०३५" लाई परिमार्जित गरेर चैं ल्याइएको छ । र यसले एकल महिलाको परिभाषालाई विस्तृत गरेको छ । एकल महिको परिभाषामा बिधुवा, सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको न्यायिक पृथ्कीकरण गरी बसेको वा विवाह नगरेका महिलाहरूलाई ६० वर्षको उमेर तोकेको छ । अध्यादेशमा ४० वर्ष भनेको छ र यसमा चैं ६० वर्ष भनेर आएको छ । र व्यवहारमा बिधुवा महिलाको हकमा जुन भएकै बखत चैं कार्यान्वयन गर्दिँदै आएको कुरामा अलिकति अस्पष्टता भएको छ । यसलाई प्रष्ट गरिनुपर्छ । यो ऐनलाई समृद्ध बनाइनुपर्छ ।

अपाङ्ग भएको व्यक्तिको हकमा छुट्याएको श्रेणी क, ख, ग छुट्याउँदाखेरि यो बेमेल देखिएको छ । अभिलेखीकरणमा पनि केही अस्पष्टता देखिएको छ । र पारिवारिक, सामाजिक अवस्थाहरूको पहिचान गर्दै वर्गीय तथा शारीरिक अवस्था, पारिवारिकको आर्थिक अवस्थालाई पनि ख्याल गरेर चैं गरिनुपर्छ यो श्रेणी छुट्याउने कुरा ।

अर्को सामाजिक सुरक्षा भत्ता दिन नहुने भन्ने कुरो जुन उल्लेख गरिएको छ । र उल्लेख गरिएका कुराहरूमा जुन सामाजिक सुरक्षा भत्ता दिन नहुने कुराहरूको पनि यो अन्य सुविधा भनेर राखको छ । यो अन्य सुविधा के पर्दछन्? यसलाई परिभाषित गर्नुपर्छ र अरू कुरा ठिकै छन् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गंगा कुमारी वेलवासे । समय ३ मिनेट ।

**माननीय श्री गंगा कुमारी वेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" हाम्रो सामु आएको छ । हामी योभन्दा अगाडिका कानुनहरूअन्तर्गत चैं यो सुविधा दिँदै पनि गएका थियौं । र अहिले बिचमा केही समस्याहरू देखा पर्यो । बिधुवा महिलाहरूलाई ६० वर्ष पुग्नुपर्छ भन्ने विषयहरू पनि आए । र बारबार फोनहरू पनि भए र दबाब पनि भए । त्योकारणले चैं बिधुवा भएकै मितिदेखिको जुन पुरानो नियम थियो त्यही लागु हुँदै आएको छ । र अहिले पनि त्यो कतिपय अन्योलहरू पनि भ'को छ । र यसलाई अध्यादेशमार्फत अगाडि बढाउन कोसिस गरियो कानुन नभएको कारणले र अहिले चैं हामीले यो जुन कानुन आ'को छ, यो स्वागतयोग्य छ ।

र यसमा बिधुवा बखतदेखि नै लागु हुनुपर्छ भन्ने कुरा नै ठिक र उचित हो । र अर्को कुरा चैं यहाँ सामाजिक सुरक्षा भत्ता दिइराख्दाखेरि वर्गीय हिसाबले पनि हेर्नुपर्ने हुन्छ । अति गरिब, अति विपन्नहरूको पनि क्याटगोरी छुट्याउनुपर्छ । अहिले हामीले, अहिलेको बजेटमा पनि केही कुराहरू ल्याएका छौं । र ऐनहरू संशोधन गर्नु पनि जरुरी छ । जो असहाय छ, जो असाध्यै एकल छ र विभिन्न समस्याहरूमा छन् । त्यसलाई कसरी सम्बोधन गर्ने भन्ने बारेमा पनि छलफल होस् भन्ने विषय राख्दै मेरो भनाइ अन्त्य गर्छु । हवस् त धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डा. विमला राई पौडयाल । समय ३ मिनेट ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, पहिलो कुरा त म यो नियम निलम्बन गरेर आज छलफल गर्दै गरेकोमा दुःख प्रकट गर्दछु, खेद प्रकट गर्दछु । यति महत्त्वपूर्ण विषयहरू सामाजिक सुरक्षाको विषय, प्रदेश प्रहरीको कुरा, सङ्घीय प्रहरीका कुरा, यस्ता थुप्रै विषयहरूमा हामीले नियम निलम्बन गरेर छलफल गर्नुभनेको चैं हामी आफैले आफैलाई ठग्नु हो । संसदलाई पनि ठग्नु हो । र सरकारले हामीलाई ठगेको नै मान्छु मैले । यो हिजो पनि यस्तो भ'को थियो । त्यही भएर हिजोको प्रवृत्ति ठिक आजको बेठिक होइन । यो प्रवृत्ति नै बेठिक हो । हामीले अध्यादेश ल्याको अस्ति नै हो । अनि किन यति बेला लास्ट आओरमा आएर हामीलाई चैं पेलान गरेको । यो प्रतिनिधि सभाप्रति पनि मैले खेद प्रकट गर्छु ।

र त्यसपछि म सामाजिक सुरक्षाको विषयमा कुरा गर्छु । सामाजिक सुरक्षाको विषयमा अहिले ल्याएको संशोधन, सरकारले ल्याएको संशोधन जुन एकल महिलाहरू हितको रूपमा छ, अपाङ्गता भएकाहरूको छुटेको कुरालाई समावेश गरिएको छ । यसलाई म स्वागत गर्छु । तर यो सँगसँगै सामाजिक सुरक्षा भनेको हामीले पैसा मात्रै बुझेयौं । त्यो भएर ७० वर्षबाट ६८ वर्ष बनाउने, ६८ वर्षबाट ६५ बनाउने यो खालको उमेर घटाउँदै सामाजिक सुरक्षाको लागि पैसा बाँड्दै गर्दै गर्ने जुन प्रवृत्ति छ त्यसलाई अन्त गर्नको लागि सामाजिक सुरक्षासम्बन्धी विधेयकमा संशोधन हुँदा सामाजिक सुरक्षाको दायरा नै फराकिलो हुने गरी सोच्नुपर्छ । पैसा मात्रै सामाजिक सुरक्षा होइन । त्यो भएर हामीले यो विषयमा गहन रूपमा छलफल गर्न पाउनुपर्थ्यो । छलफल नगरिकन अहिले यहाँ राखिएको बिचारले त्यति मान्यता राख्दैन सम्माननीय अध्यक्षज्यू, तर मैले, मेरो विमति चैं मेरो प्रोसेससँग, मेरो प्रक्रियासँगको विमतिलाई मैले यहाँ प्रस्तुत गरें । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय गृह मन्त्री श्री बालकृष्ण खाँण</u>**:- सम्माननीय अध्यक्ष महोदय, "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" माथि माननीयज्यूहरूले आफ्ना विचार राख्नुभएको छ । र राज्यमा र समाजमा कतिपय ज्यादै क्षमताशील नागरिक पनि हुन्छ । केही नागरिक र केही व्यक्तिहरूलाई समाज र राज्यले भरथेक गर्नुपर्ने, सहयोग गर्नुपर्ने हुन्छ । त्यसकारणले समाजमा पछि परेका या विशिष्ट परिस्थितिमा जीवन यापन गर्नुपरिरहेका र शारीरिक र मानसिक रूपमा पनि सक्षम नभएका नागरिकहरूको लागि अर्को सक्षम नागरिकले हेर्नुपर्ने या राज्यले उनीहरूको जीवनका लागि एउटा सहजता प्रदान गर्नुपर्ने यो पुरानो नै हाम्रो परम्परा र रीतिथितिको पनि यो हाम्रो समाजको दायित्व नै हो ।

अहिले केही वर्षदेखि नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै पनि आएको छ । र यो सामाजिक सुरक्षालाई राज्यको दायित्व र जिम्मेवारीभित्र समेट्नका लागि नै यो सामाजिक सुरक्षा कानुनको निर्माण गरिएको हो । र सामाजिक सुरक्षा ऐनलाई समसामयिक बनाउनको लागि नै अहिले यो विधेयकलाई २०७९ को रूपमा ल्याइएको छ । किनकी यसलाई, विधेयकलाई हामीले अगाडि नबढाईकन सामाजिक सुरक्षाको परिभाषामा समेटिएका नागरिकहरूलाई राज्यले सहयोग पुर्याउनको लागि पनि केही असुविधाहरू भयो । यसलाई ध्यानमा राखेर नै यो कुरालाई हामीले अगाडि बढाएको हो ।

र यो सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक अध्यादेशको रूपमा आएर अहिले कार्यान्वयनको रूपमै छ । यो ऐन क्रियाशील नै छ । त्यसकारण यसलाई अझै परिष्कृत गर्ने । यसलाई अझै समृद्ध बनाउने माननीयज्यूहरूको सुझाव छ त्यो म स्वागत गर्न चाहन्छु । तथापि यसलाई अहिले हामीले कार्यान्वयनको लागि तत्कालै पास गर्नुपर्ने पनि एउटा विशिष्ट अवस्था छ । त्यसकारणले म राष्ट्रिय सभाका सबै माननीय सदस्यहरूलाई सम्माननीय अध्यक्षमार्फत आग्रह गर्न चाहन्छु यसमा यहाँहरूले जुन रचानात्मक सहभागता जुटाइरहनु भएको छ र अहिले विशेष परिस्थतिमा नियम निलम्बन गर्नुपरेको छ । हाम्रो पनि चाहना नियम निलम्बन गर्न नपरोसै भन्ने हो । तथापि कहिलेकाहीँ परिस्थिति यस्तो बन्छ कि हामी सबैको चाहनाविपरीत पनि निलम्बन गर्नुपरिरहेको छ ।

र हाम्रो राष्ट्रिय सभा नियमावली र प्रतिनिधि सभा नियमावलीमा यो नियमावली बनाउने बेलामा हामीहरू सबैले यो नियमन निलम्बनको धारै नराखौं भन्ने थियो हाम्रो । कि निलम्बनको प्रावधान राखेपछि बेला बेला निलम्बन गर्नु अभिप्रेरित भइन्छ । त्यसैले यो निलम्बनको धारै नराखौं कि भन्या तर त्यतिखेर छलफलमा होइन यो व्यवहारिक हुँदैन । कहिलेकाहीँ यस्ता परिस्थिति आउँछन् निलम्बन गर्नुपर्ने होला । अहिले निलम्बन गरिय तापनि यस्तो परिस्थिति सकभर नआओस् । र माननीयज्यूहरूको निलम्बनको प्रतिको जुन धारणा छ त्यसको पनि म सरकारको तर्फबाट सम्मान गर्न चाहन्छु । र सबै माननीयज्यूहरूको साथ र प्रयत्नबाटै यो अगाडि बढ्ने हो ।

खास गरी यसमा यो विधेयक अध्यादेशको रूपमा आएको र क्रियाशील भएको कारणले नै यसलाई हामीले तत्कालै प्रतिस्थापन विधेयकको रूपमा पास गर्नुपर्ने पनि अवस्था छ । र यसका केही संशोधन गर्नुपर्ने अवस्थाहरू आयो । यो सामाजिक सुरक्षाको जिम्मेवारी बोध गर्ने क्रममा, कार्यान्वयन गर्ने क्रममा, सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने क्रममा । अब बिधुवा दिदी बहिनीको हकमा उमेरको हद राख्नु उचित हुँदैन । त्यसकारणले बिधुवा हुनेबित्तिकैदेखि नै राज्यले आफ्नो उत्तरदायित्वमा जिम्मेवारी लिएर उहाँहरूलाई मदत पुर्याउने हाम्रो त्यो दायित्व नै हो । त्यसपछि अन्य जुन प्रावधानहरू राखिएको छ त्यो पनि अहिले तत्कालको लागि आवश्यक भएर नै राखिएको छ । र माननीयज्यूहरूले उठाउनुभएको विषयमा मैले अहिले यही नै धारणा राखेँ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सनदेशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथि बिचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सनदेशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथि बिचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथि बिचार गरियोस्" भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म गृह मन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**<u>माननीय गृह मन्त्री श्री बालकृष्ण खाँण</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यावद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, माननीय गृह मन्त्री बालकृष्ण खाँणले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यसक्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेको सचिवालयको कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । माननीय खिमलाल देवकोटा । समय ३ मिनेट ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो विधेयकमा जानुभन्दा अगाडि अगिल्लो कार्यसूचीमा यो खानेपानी तथा सरसफाइ विधेयक

भन्ने थियो । अहिलेको कार्यसूची देखिएन । यो सरेको हो कि के हो यो ? यो जानकारी मैले थाहा पाइनँ । के हो यो विषय? जानकारी होस् ।

अब यो विषयमा म प्रवेश गरें । विशेष गरी अब यो विधेयकको सन्दर्भमा अध्यक्ष महोदय, मैले यो फोरम अफ फेडरेसनद्वारा प्रकाशित एउटा फिस्कल फेडरालिजम एउटा पुस्तक पढेको थिएँ । त्यो पुस्तकमा उल्लेख भएअनुसार सङ्घीय मुलुक जर्मनीमा शान्ति सुरक्षासम्बन्धी ६० प्रतिशत जिम्मेवारी चैं त्यहाँ ल्यान्डरले गर्दो रहेछ । ल्यान्डर भनेको त्यो प्रदेश हो । स्थानीय सरकारले २९ प्रतिशतजति गर्छ भने सङ्घीय सरकारले ११ प्रतिशतजति । त्यसै गरी क्यानडा चैं त्यहाँ २५, २५ प्रतिशत जिम्मेवारी प्रदेश र स्थानीय तह गर्छ । यो ल एण्ड अर्डरको कुरा गर्दैछु मैले । स्विट्जरल्याण्डमा त्यहाँ प्रदेशलाई क्यान्टोन भनिन्छ । क्यान्टोनको जिम्मेवारी भनेको ६५ दशमलव ७० प्रतिशत छ । स्थानीयको २५ प्रतिशत छ भनेपछि सङ्घीय सरकारको ९ दशमलव ३० प्रतिशत छ । स्विट्जरल्याण्डमा त रक्षा सम्बन्धित ५, ५ प्रतिशत जिम्मेवारी क्यान्टोन र स्थानीय सरकारले पनि दिएको रै'छ ।

मैले यहाँ यो बुझ्न सकिरहेको छैन । विभिन्न बहानामा प्रदेशलाई कमजोर पार्ने खेल भइरहेको छ । संविधानमा समग्र प्रदेशको शान्ति सुरक्षाको जिम्मेवारी प्रदेशको हुन्छ भनेर एकल अधिकारमा लेखी सकेपछि फेरि राजधानीको विषय किन जोडियो? वास्तवमा तपाईंहरूको नियतमा नै मैले खोट देखेको छु । अहिलेसम्म प्रदेश प्रहरी समायोजन भएको छैन । यो विधेयक प्रतिनिधि सभाबाट के सत्तापक्ष? के विपक्ष? सर्वसम्मत रूपमा अनुमोधन भएर आएको छ । म अच्चमभित भा'को छु अध्यक्ष महोदय । मेरो सुझाव छ अनुसूची ६ जुन प्रदेशको एकल अधिकारको सूचीमा पहिलो बुँदा प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको अधिकार पनि सर्वसम्मत रूपमा तपाईंहरू खोस्नुहोस् । अनि तपाईंहरूले राजधानीको विषय जोडेर खोस्नुभो' । भोलि प्रहरीको कन्ट्रोल एक ठाँउबाट गर्नुपर्छ । चेन अफ कमान्ड बिग्रिन्छ भनेर पनि भन्नुहोला । मैले यति नै कुरा राखें ।

र राजधानीको कुराहरू अलिकति जोड्दाखेरि चैं राजधानीको शान्ति सुरक्षा अलि संवेदनशील हो । यो मैले बुझेको छु । मैले जानेको छु । तर भरखरै हामीले जापान जस्तो यस्तो सवृद्ध मुलुकमा शान्तिप्रिय मुलुकमा पनि पूर्वप्रधानमन्त्रीलाई पनि दिन दहाडै हत्या गरिएको पनि हामीले हेर्यौं । तर यो विषय नजोडौं । मैले सम्माननीय अध्यक्ष

महोदयमार्फत गृह मन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु । कुन कुन सङ्घीय मुलुकमा त्यहाँको राजधानीको शान्ति सुरक्षा प्रदेशलाई दिँदाखेरिको शान्ति सुरक्षा बिग्रेको छ अथवा कुन कुन देशमा एकदम राम्रो भ'को छ भन्ने कुराहरू पनि यहाँले राख्दिनुभयो भने म आभारी हुने थैं । हवस् त धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, माननीय खानेपानी तथा सरसफाइ विधेयक, २०७६ योभन्दा अगिल्लो बैठकको कार्यसूचीमा रहेको र यो दोस्रो बैठकमा त्यो विषय नै प्रवेश नगरेको कुरा म जानकारी गराउँछु ।

माननीय जितेन्द्र नारायण देव । समय ३ मिनेट ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अहिले यो भरखरै माननीय गृह मन्त्रीज्यूले नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय (पहिलो संशोधन) विधेयक, २०७९ पेस गर्नुभा' छ र सैद्धान्तिक छलफल हामी गर्दैछौं । यसमा धेरै कुरा त मैले भन्नुपर्ने छैन तर एउटा महत्त्वपूर्ण कुरा म त्यसमा उल्लेख गर्न चाहन्छु, प्रकाश पार्न चाहन्छु । त्यो के भन्दाखेरि हामी रोप्ने कटहर र चाहना गर्ने कि आँप खान्छौं । त्यो त हुँदैन । त्यो सम्भवै छैन । त्यसकारण हाम्रो संविधानमा हामीले जति जे गर्न सक्यौं अहिले जति पनि ऐन, कानुनहरू हामी बनाउँछौं त्यो संविधानको रोहमा बनाउने हो । अन्त कुन मुलुकमा कस्तो के छ त्यो चैं हाम्रो संविधानको फ्रेमभित्र के कस्ता कुराहरू छन् हाम्रो आधार स्रोत भनेको हाम्रो संविधान हो । हाम्रो संविधानको आधार स्रोतभित्र आइराखेको कानुनहरू ठिकसँग आ'को छ कि छैन भनेर हामीले जाँच्ने हो । र हामी त्यसरी नै आफ्ना कुराहरू राख्ने हो ।

त्यसकारण मलाई के कुरा लाग्छ भने अहिलेको सरकारलाई या माननीय गृह मन्त्रीज्यूलाई जुरिडिक्सन, अधिकार क्षेत्र, क्षेत्राधिकार भनेको अहिलेको चैं संविधानमा जे कुरा निर्दिष्ट गरिएको छ या जे परिभाषित गरिएको छ, जे कुरा राखिएको छ त्योभित्रै बनाउने हो । अब त्यो हिसाबले हाम्रो संविधानले तीनै तह सरकारहरूको अधिकार क्षेत्रलाई, अधिकार सुचीमार्फत परिभाषित गरिएको छ । प्रष्टैसँग परिभाषित गर्या' छ । यो सन्दर्भमा यो प्रहरीसम्बन्धी जुन यो ऐन हो यो ऐनमा एउटा ठुलो कन्सर्न प्रदेश सरकारहरू के थियो भने कतै यो आउन लागेको यो ऐनले हाम्रो अधिकारलाई खोस्ने त

होइन? हाम्रो अधिकारमाथि केन्द्रको अनधिकार, असंवैधानिक हस्तक्षेप त हुने होइन? भन्ने ठुलो कन्सर्न थियो ।

अर्कोतिर के भन्दाखेरि राजधानीको संवेदनशीललाई ध्यानमा राखेर एउटा विशिष्ट किसिमको एउटा समन्वयको अवस्थालाई विशिष्ट किसिमबाट उपत्यकाभित्रको राजधानीको शान्ति सुरक्षालाई सम्बोधन गर्नुपर्ने आवश्यकता थियो । यो सन्दर्भमा दुइटैलाई सन्तुलित ठङ्गले मिलाएर राजधानीको सुरक्षा व्यवस्था प्रदेश सरकारको समन्वयमा नेपाल प्रहरीले गर्ने यो जुन फोरमुला आएको यो अत्यन्त सही, सटिक, वैज्ञानिक फोरमुला आ'को छ । यसको लागि विशेष रूपमा नेपाल सरकारलाई र गृह मन्त्रीज्यूलाई म धन्यवाद दिन चाहन्छु । यसले प्रदेशको सरकारलाई पनि कन्सर्नलाई पनि सम्बोधन गरेको छ । राजधानीको सुरक्षा संवेदनशीलतालाई पनि ध्यानमा राखेको छ । दुइटैलाई विचार गरेर यसरी जुन फोरमुला डिभेलोप भा' छ त्यसबाट कन्भिन्स भएर प्रतिनिधि सभाले सर्वसमितिबाट यो सन्देश हामीलाई पठा'को छ । त्यसकारण त्यसको लागि विशेष रूपमा यो राम्रो भ'को छ । र यसको लागि म सरकारलाई धन्यवाद दिन चाहन्छु । र विशेष रूपमा यो फोरमुला डिभेलोप गरेकोमा म माननीय गृह मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अधयक्ष**</u>ः- माननीय गोमा देवी तिमल्सिना । समय ३ मिनेट ।

<u>**माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>ः- अध्यक्ष महोदय, उपस्थित माननीयज्यूहरू, मैले यहाँ धेरै कुरा भन्न खोजिराख्या छैन । यो आज छलफल गरिरहँदाखेरि सबै यसरी नै सिधिने हो कि भनेर अलि डर डर पनि लागेको । फेरि अब हामी छलफलमा पनि जाने टायम पनि पाउने रैछौं जस्तो पनि लाग्यो । यो प्रहरी, यो सुरक्षासम्बन्धी जुन हामी छलफल गरिराख्या छौं यसलाई संविधानमा लेखिएका कुराहरू र हामीले गर्ने काम कारबाहीमा नबाझिकन प्रदेशलाई पनि निरिह नबनाइकन अगाडि बढ्नुपर्छ भन्ने मैले त्यो मान्यता राखेको छु । कतिपय ठाँउमा हाम्रो यो त मुल राजधानी काठमाडौं सहर हिजैदेखिको । र अरू प्रदेशहरू पनि ६ ओटा प्रदेश त बाहिरै छन् । काठमाडौंभन्दा बाहिर । सबै ठाँउमा प्रदेशलाई निरिह

नबनाइकन समन्वय गरेर जानुपर्छ भन्ने कुराहरू र त्योसँगै जनताले पाउने जुन सरक्षा हो त्यसको अनुभूति होस् भन्ने कुराहरू राख्दै बिदा हुन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गंगा कुमारी वेलवासे । समय ३ मिनेट ।

**<u>माननीय श्री गंगा कुमारी वेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्षज्यू, नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सुपरिवेक्षण र समन्वय (पहिलो संशोधन) विधेयक, २०७९ सदनसमक्ष पेस भएको छ । र हामी यसमा सैद्धान्तिक छलफल गरिराहेको छौं । यो अत्यन्तै जरुरी थियो र यो अध्यादेशमार्फत हामीले चलाइराखेका थियौं । र हामी सङ्घीय शासन व्यवस्थापनमा गइसकेपछि हामीलाई प्रदेशमा पनि प्रहरी हुनुपर्ने र सङ्घमा पनि हुनुपर्ने जुन तीन तहको सरकार छ । सरकारको मातहत प्रहरीहरू हुनुपर्नेमा सङ्घमार्फत नै हामीले अगाडि बढाइराखेको हुँदा काम कारबाहीमा अप्ठ्यारोहरू परिरहेको थियो । र अहिले समन्वय गर्ने, काम कारबाही सञ्चालन गर्ने र सुपरिवेक्षण गर्ने गरी यो विधेयक जुन आएको छ यो अत्यन्तै महत्त्वपूर्ण र अहिले सान्दार्भिक छ भन्दै मेरो भनाइ यही अन्त्य गर्छु । हवस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय गृह मन्त्री श्री बालकृष्ण खाँण</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथि सैद्धान्तिक छलफल गर्ने क्रममा माननीयज्यूहरूले राख्नुभएको विचारको लागि म हार्दिक धन्यवाद दिन चाहन्छु । राजधानीको सुरक्षा संवेदनशीलतालाई

नै ध्यानमा राखेर यो संशोधन ल्याइएको हो । सुरक्षाका चुनौतीहरू आन्तरिक कारणले पनि सुरक्षा संवेदनशीलता वा चुनौतीहरू बढेर जान सक्छन् । र कहिलेकाहीँ बाह्य प्रभावले पनि राजधानीमा राजधानीको सुरक्षा संवेदनशीलतालाई जटिल बनाएको हुन्छ । जो खास गरेर नेपालको राजधानी, सङ्घीय राजधानी काठमाडौं उपत्यकाको सुरक्षाको संवेदनशीलतालाई ध्यानमा राखेरै यो संशोधन विधेयक अगाडि आएको छ ।

र नेपाललाई जनताले चुनेका जनप्रतिनिधिहरूले संविधान सभाको माध्यमबाट संविधान निर्माण गर्ने क्रममा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरिएको हो । र नेपाललाई हामी सबैको साझा प्रतिबद्धताले नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा हामी अहिले उभिएका छौं । त्यसकारणले सङ्घीयताप्रतिको अवधारणामा सत्तापक्ष, प्रमुख प्रतिपक्ष र नेपालका अधिकांश राजनितिक दलहरूको साझा कमिटमेन्ट नै छ । यो अहिले प्रहरीसम्बन्धी विधेयकले प्रदेशलाई, प्रदेश प्रहरीलाई, सङ्घीयतालाई कमजोर पार्छ कि भन्ने आशङ्का उठेको छ । त्यो आशङ्का उठ्नु स्वभिक होला । तद्यापि त्यस्तो आशङ्का नराख्दिनुहुन म सबै माननीयज्यूहरूलाई हार्दिक आग्रह गर्न चाहन्छु । किनकी हामी आफैले नै यो सङ्घीयता ल्याएको हो नि त । यसै अन्तराष्ट्रिय सम्मेलन केन्द्रमा यही अहिलेको प्रतिनिधि सभाले प्रयोग गरिरहेको ठुलो हलमै हामी सबैले दस्तखत गरेरै संविधान जारी गरेको हो । त्यसकारण यो संविधानका प्रति हामी सबैको कमिटमेन्ट छ । संविधान सभाको निर्वाचन गराउन धेरै लामो राजनीतिक सङ्घर्ष भएको छ । र विभिन्न स्वरूपका आन्दोलन र क्रान्तिहरू भएका छन् । र हामी सबैले हातेमालो गरेरै त्यो अभियानलाई अगाडि बढाएको हो । त्यसकारणले नेपालका कुनै पनि राजनीतिक शक्तिहरू त्यो प्रतिवद्धाबाट पछि हट्दैनन् । म विश्वास दिलाउन चाहन्छु ।

र सुरक्षा संवेदनशीलताको बारेमा यहाँहरू सबैलाई थाहा छ । अब विभिन्न मुलुकहरूमा विभिन्न प्रयाक्टिस छ । कतिपय डेमोक्रेटिक मुलुकहरूमा आफ्नो स्थानीय इकाइको पुलिसको कार्यलयको प्रमुखको छनोटै निर्वाचनबाट पनि हुन्छ । निर्वाचनको माध्यमबाट जसरी हामीले गाउँपालिकाको अध्यक्ष, महानगरपालिकाको मेयर चुन्छौं त्यसै गरी उहाँहरूले चैं स्थानीय मतदाताहरूले यो सुरक्षाको जिम्मेवारी कसले लिने हाम्रो वार्डको पुलिस इन्चार्ज को हुने भनेर मतदान गरेका कतिपय दृष्टान्तहरू पनि छन् । तर हामीकहाँ नेपाल प्रहरीको धेरै लामो इतिहास छ । र नेपाल प्रहरीले नेपालमा शान्ति सुव्यवस्थाको स्थापनाका लागि र नेपालमा हुने विभिन्न विपद् व्यवस्थापनका लागि अपूर्व योगदन पुर्याउँदै आएको छ । चाहे पछिल्लो महाभूकम्पको बेलामा होस् या हामीले

सामना गर्नुपरेको Covid-19 को महामारीको बेलामा होस् । नेपालका सुरक्षा निकायका जवान अधिकृतहरूले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाललगायतका राष्ट्र सेवाकहरूले अग्रपङ्तिमा रहेर, फ्रन्ट लाइनमा बसेर आफ्नो जीवनलाई जोखिममा पारेर पनि उहाँहरूले योगदान पुर्याउनुभएको छ । र नेपाल प्रहरीको पनि यसमा अग्रस्थानमा अतुलनीय भूमिका रहेको छ ।

र Covid-19 को महामारीको नियन्त्रण, नियमन व्यवयस्थापनका लागि हजारौं नेपाल प्रहरीहरू सङ्क्रमित पनि हुनुभयो फ्रन्ट लाइनमा काम गर्दा । र दर्जनौं नेपाल प्रहरीका जवान अधिकृतहरूको जीवन पनि बलिदान भएको छ । र सुरक्षाको लागि उहाँहरूले सीमित सधान र स्रोतका बाबजुद पनि राष्ट्रिय दायित्व निर्वाह गर्ने क्रममा, जनताको जिउ, धनको सुरक्षा गर्ने क्रममा सदैव आफूलाई उहाँहरूले अग्र स्थानमै उभ्याउनुभएको छ । र यो अहिले विधेयकमा काठमाडौं उपत्यकाभित्र पनि सुरक्षाको लागि जिम्मेवारी लिने क्रममा नेपाल प्रहरीले प्रदेश प्रहरीसँग पनि समन्वय गर्ने छ । प्रदेश प्रहरीसँग समन्वय गरेरै उसले सुरक्षाको जिम्मेवारी लिन्छ ।

नेपालमा कहिलेकाहीँ हामीले कल्पना गर्याभन्दा ठुला, साना घटनाहरू पनि घटेका छन् । अध्यागमनबाट नेपाल प्रवेश गर्नेहरूका बारेमा पनि उहाँहरूलाई स्वागत पनि पुर्याउनुपरेको छ । आतिथ्यता प्रदान गर्नुपरेको छ । मुस्काएरै स्वागत गर्नुपरेको छ । त्यही हामीलाई सुरक्षा चुनौती हुन्छ कि भन्ने सतर्कता पनि साथसाथै अपनाउनुपरेको छ । त्यतापट्टि पनि यो विधेयकले ध्यान दिएको छ । त्यसरी नै नेपालका अन्तर्राष्ट्रिय एयरपोर्टको सुरक्षा कसरी गर्ने? कहिलेकाहीँ अस्वाभाविक सुरक्षाका चुनौतीहरूलाई हामीले बहन गर्नुपरेको छ ।

सम्माननीय अध्यक्षज्यू, त्यसकारणले यो सुरक्षासम्बन्धी कुनै कमी नहोस् । र नेपाल प्रहरीसँग जुन खालको अहिलको स्ट्रक्चर छ, जुन कार्य क्षमता छ जुन अनुसन्धान र अनवेशनको उहाँहरूसँगको जुन अहिले पहुँच छ, विभिन्न विभागहरू छन्, ब्युरोहरू छन् अहिले संसारभरि नै अपराधका घटनाहरूले नै आयामहरू लिएको छ । कल्पना गर्न नसकिने खालका नयाँ नयाँ अपराधिक घटनाहरू घटेका छन् । विज्ञान र प्रविधिको उच्चतम प्रयोगले पृथ्विमा धेरै ठुलो एउटा सकारात्मक हलचल ल्याएको छ विकासमा । नागरिको जीवनलाई सहज गराउनको लागि भने विभिन्न अपराधिक घटनाका लागि पनि ती प्रविधिहरू प्रयोग भएर त्यतिकै जटिलता पनि अहिले आएको छ । त्यसको नियन्त्रण,

नियमन, रोकथामका लागि अन्वेषण र अनुसन्धानका लागि पनि त्यही खालको चुस्तता, त्यही खालको विभागहरूको स्थापना गर्न आवश्यक छ । नेपाल प्रहरीमा अहिले साइबर ब्युरोदेखि लिएर विशेष ब्युरोदेखि लिएर लागु पदार्थ नियन्त्रणसँग ब्युरोदेखि लिएर मानव बेचविखन नियन्त्रणसँग ब्युरोदेखि लिएर थुप्रै त्यस्ता ब्युरोहरूको स्थापना गरिएको छ । जसले अपराधको अन्वेषण नियन्त्रणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । नेपाल प्रहरीसँग भएको त्यो विशेषज्ञता, त्यो स्रोत, त्यो क्षमतालाई राजधानीको सुरक्षा चुनौतीलाई सामना गर्न उपयोग गर्न सकियोस् भन्ने मनसुबाबाटै यो अध्यादेशको रूपमा पनि आयो अहिले । अहिले तत्कालै मात्रै यो बहसमा आएको विषय होइन । यो विधेयकले अध्यादेशको रूपमा आएर यो ..... अहिले ।

नेपालका कुनै पनि राजनीतिक दलहरूको अगि यहाँ केही कुरा उठ्या' छ । सत्तापक्ष या प्रतिपक्ष कसैको पनि मनसुबा सङ्घीयतालाई कमजोर पार्ने छँदै छैन । म माननीयज्यूहरूलाई विश्वास दिलाउन चाहन्छु । हामी सबैले जागरुक मनबाटै, चेतनशील मनबाटै अब नेपालमा गणतन्त्र स्थापना गर्ने हो । अब केन्द्रीकृत शासन व्यवस्थालाई हामीले सङ्घीयताको माध्यमबाट जनतालाई जनताको घर दैलोमा सेवा र सुबिस्ता पुर्याउने हो भन्ने सोचबाटै तपाईं हामी सबैअगाडि बढ्या' हो । त्यसकारणले राजनीतिक दलहरूलाई, सरकारलाई कृपा गरेर यो सङ्घीयता कार्यान्वयनमा हामीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने हाम्रो प्रतिबद्धता छ । हाम्रो प्रतिबद्धतामा प्रश्न नराखिदिनुभो' भने सहज होला ।

यो कार्यान्वयन जाने क्रममा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको बीचमा समन्वय गर्ने । स्थानीय सरकारलाई अझै बढ्ता सशक्तीकरण गर्ने । यो क्रममा अहिले हामीले स्थानीय निर्वाचन गर्नुभन्दा अगाडि निर्वाचनमा भाग नलिनुभएका राजनीतिक दलहरूलाई पनि हामीले आग्रह गर्यौं । यो स्थानीय निकाय भनेको, स्थानीय निर्वाचन भनेको खाली राजनीतिक प्रेरित मात्रै होइन । यसले जनातको शक्तिलाई सशक्तीकरण गर्छ । जनताको विकास र समृद्धिलाई जनताको उन्नयनका लागि जनता आफै सहभागी हुने यो महाअभियान हो ।

त्यसकारणले यो निर्वाचनमा भाग नलिएका संविधानका कतिपय मुद्दाहरूमा असहमत रहेका दलहरूले पनि भाग लिनुहोस् भनेर हामीले आग्रह गर्यौं । र यो स्थानीय निर्वाचनमा दुइटा राजनीतिक दलले पहिलो पटक सहभागिता जुटायो । र दुवै दलले

उल्लेखीय सङ्ख्यामा मत पाउनुभएको छ । र कतिपय ठुला पार्टीका नेताहरू जो पहिलो पटक भाग लिनुभा' छ आफ्नो पार्टी र कार्यकरतालाई उम्मेदवार गराउने क्रममा मतदाता सूचीमा नामै रहेनछ । उम्मेदवार बन्न पनि पाइएन । भोट हाल्न जाँदाखेरि मतदाता सूचीमा नामै छैन । भोट हाल्न पनि पाइएन । तैपनि भाग लिनुभयो । त्यो भाग लिने क्रममा किन लिनुभो' भने स्थानीय सरकार भनेको जनतालाई इम्पावर गर्ने, सशक्तीकरण गर्ने, जनतालाई साथै सहभागी गराउने । अभियानको रूपमै उहाँहरूले चैं तपाईं, हामी सबैले अपिल गरेरै उहाँहरू त्यसमा आउनुभएको हो । म स्थानीय निर्वाचनमा भाग लिने सबै राजनीतिक दललाई सरकारको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छु र पहिलो पटक भाग लिनेलाई त झनै म हार्दिक धन्यवाद दिन चाहन्छु । र उहाँहरूले एउटा भरोसा गरेर नेपाली मतदाताहरू, नेपाली जनतामाथि, निर्वाचनको पद्धति र प्रक्रियामाथि विश्वास गरेर भाग लिनुभएको छ । उहाँहरूको विश्वासलाई अक्षुण्ण राख्ने, उहाँहरूको विश्वासलाई जीवन्त गराउने काम सरकारको हो । त्यो पनि हामीले काम गर्ने छौं ।

त्यसकारणले यो प्रतिबद्धता हामीले गरिरहेपछि प्रदेश प्रहरीलाई कमजोर गराउने, प्रदेश सरकारलाई कमजोर गराउने त्यो त हामी कल्पनामा पनि सोच्न सक्दैनौं । हामी सबैको साझा देश हो । हामी सबैको साझा प्रयत्नबाटै हामीले मुलुकलाई अगाडि बढाइराख्या छौं । हिजोको अवस्थामा हामीले उभिएर हेर्दाखेरि यो अवस्थामा मुलुक पुर्याउन सकिन्छ कि सकिँदैन द्विविधा थियो । तथापि त्यो खालको साहस त हामी सबैले गर्यौं, प्रतिबद्धता हामी सबैले गर्यौं । र अहिले मुलुकमा हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्या छौं । यसलाई सफल गराउने तपाईं हामी सबैको साझा दायित्व हो । सबैको साझा प्रतिबद्धता हो । त्यसकारणले म समस्त माननीयज्यूहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत अझै विद्वान माननीयज्यूहरूलाई विशेष आग्रह गर्न चाहन्छु । यो हाम्रो साझा प्रतिबद्धतामा यहाँहरूले पनि बेला बेलामा हामीलाई थप बल पुर्याइरहनुभएकै छ । त्यसका लागि सबैलाई धन्यवाद नै छ । यति भन्दै माननीयज्यूहरूको जिज्ञासामा मैले आफ्नो उहाँहरूलाई धन्यवाद दिँदै उहाँहरूले उठाउनुभएको विषयवस्तुलाई हामीले गम्भीरतापूर्वक लिएका छौं र हामी सबै प्रतिवद्ध छौं । यति भन्दै आफ्नो भनाइ टुङ्ग्याउछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन)

विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा यहीँ समाप्त हुन्छ ।

मानननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला गोविन्द प्रसाद शर्मा (कोइराला) लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजादारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजादारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) ले पेस गर्नुभएको प्रतिनिधि सभाबाट

सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजादारी कार्यसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनहुन अनुरोध गर्दछु । माननीय गंगा कुमारी वेलवासे । समय ३ मिनेट ।

**माननीय श्री गंगा कुमारी वेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्मानीय अध्यक्षज्यू, फौजदारी कसुर तथा फौजादारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदनसहितको विधेयकमाथि हामी छलफल गरिरहेका छौं । र यो विधेयक आउनुपर्नाका कारणहरू चैं देशमा भएका जगन्य अपराध तेजाबबाट चैं युवा युवातीहरूलाई आक्रमण गर्ने र कुरूप बनाउने जुन समस्याहरू आएको थियो त्यसकारणले त्यस्तो अवस्थामा कारबाही गर्नका लागि कानुन नभएका कारणले आएको यो कानुन हो । र त्यो जुन बेला सदन विघटन भएको थियो त्यतिबेला अध्यादेश ल्याएर यसलाई अगाडि बढाइएको थियो । अध्यादेशमार्फत कानुनलाई अगाडि बढाइएको थियो । आज यो सदनमा हामी छलफल गरिरहेका छौं । प्रतिनिधि सभाबाट प्रतिवेदनसहित हाम्रो सदनमा छलफल भइरहेको छ । र यसो भनिराख्दाखेरि यसलाई अझ समृद्ध गर्नका लागि हामीले विस्तृत रूपमा छलफल गर्न हामीले पाइराखेका छैनौं । तैपनि यसमा के छ भने कानुन नभएका कारणले अपराधीलाई कारबाही गर्न नसकेको अवस्थामा जुन आइराखेको छ हामी कानुनमाथि छलफल गरिराखेका छौं । यो असाध्यै राम्रो छ र यसले केही उमेर बढाएर अपराधीलाई कारबाही गर्ने कुराहरू ल्याएको छ । यो राम्रो छ र सान्दर्भिक छ भन्ने कुराहरू राख्दै मेरो भनाइहरू अन्त गर्छु । हवस् धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल । समय ३ मिनेट ।

**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, फौजदारी कसुर तथा फौजादारी कार्यसम्बन्धी केही ऐन संशोधन गर्न

बनेको विधेयकको सैद्धान्तिक पक्षको बारेमा हामी छलफल गरिरहेका छौं । र यसमा चैं प्रमाण ऐन, २०३१ मा केही संशोधन गरिएको छ । न्याय प्रशासन ऐनसहित, २०७३ मा संशोधन गरिएको छ । र मुलुकी अपराध सङ्घीयता, २०७४ माथि पनि केही संशोधन गरिएको छ र समयसापेक्ष बनाउने यसलाई प्रयास गरिएको छ । र यसमा रहेको शब्दमा केही थप गरिनुपर्छ भन्ने मलाई लागेको छ । यो जुन तेजाव भनिएको छ तेजाब सँगसँगै ग्याँस, मट्टितेल, इलेक्ट्रीकबाट करेन्ट लगाउने, तातो पानीले पोल्ने जस्ता कुराहरू पनि यसमा चैं समावेश गरेर ल्याइँदा अझ यसलाई परिमार्जित हुन्छ र अझ यो परिष्कृत हुन्छ भन्ने मलाई लागेको छ ।

मानव शरीरमा तेजाव फ्याँक्ने, छर्कने, स्वरूप बिगार्ने, पीडा दिने, दुःख दिने कार्यलाई नियन्त्रण गर्नको निम्ति ल्याइएको यो फौजारी कसुर सजाय कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको यो विधेयकको सम्बन्धमा फौजदारी कसुर सजायमा चैं हुने जुन एउटा पीडाहरू छ मानसिक पीडा र न्याय महसुस गर्न नसक्ने कुराहरू भएको हुनाले यो विधेयक, यो कानुन आइसकेपछि, यो ऐन आइसकेपछि अपराध केही नियन्त्रण हुन सक्ने र कानुनी सजायमा अपराधको सम्बोधन हुने कुरा महसुस गरिएको छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजादारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो फौजदारी कसुर तथा फौजादारी कार्यसम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयकसम्बन्धी प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनसहित त्यो विधेयकको बारेमा हामीले छलफल गर्दै छौं । र दुई जना माननीयज्यूहरूले यसमा यसको राम्रा पक्षको बारेमा र

यसमा गर्न सकिने सुधारको सन्दर्भमा यहाँ आफ्ना सुझावहरू प्रस्तुत गर्नुभो' । सबभन्दा पहिला म माननीयज्यूहरूले यो छलफलमा प्रस्तुत गर्नुभएको सुझावप्रति र टिप्पणीप्रति आभार व्यक्त गर्न चाहन्छु ।

यसमा धेरै भनिरहनुपर्ने कुरा छैन । वास्तवमा यसमा अगि माननीय गंगा वेलवासेले भनिहाल्नुभो' । प्रमाण ऐनमा एउटा समस्या के थियो भन्दाखेरि जो मान्छे पीडित छ उसले प्रमाण पुर्याउनुपर्ने कुरा गर्दाखेरि चैं धेरै मुद्दाहरू अदालतमा प्रमाणित हुन सकेन । मान्छे बसिरा' हुन्छ देख्या होइन झ्याप्प हाल्दिन्छ तेजाब । उसको आँखा साँखा सबै एउटा खालको भनौं न देख्ने खालको अवस्था हुँदैन । अनि अदालत हाम्रो प्रमाण कानुनले के गर्दियो भने बर्डन अफ प्रुफ प्रमाणको भार चाहीँ प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजादारी कसुरमा वादी नेपाल सरकारले पुर्याउनुपर्ने भन्ने व्यवस्था राखियो । अब त्यस्तो खालको जुन प्रमाणसम्बन्धी व्यवस्था छ त्यसलाई चैं परिवर्तन नगर्दासम्म अथवा बर्डन अफ प्रुफको हकमा चैं जुन व्यक्तिउपर आरोप लागेको छ र उनी अरू प्रमाणहरूबाट देखिन्छन् उसले चैं तेजाव फालेको होइन भन्नेलगायतको कुरामा शरीर तेजाव फ्याकने, छर्किएमा, खन्याएमा, कुनै किसिमले शारीरिक क्षति प्रयोग गरेमा, कसैलाई सेवन गराएमा निजले नियत बस वा जानी जानी त्यस्तो व्यक्तिले ज्यान लिने अङ्ग कार्य गरेको चैं अदालतले अनुमान गर्नुपर्ने छ भन्ने व्यवस्था यसमा राखियो । उसले के डिफेन्स लेराउन सक्ने सम्भावना धेरै भयो र देखियो केस स्टडीबाट भन्दा म चैं वास्तवमा झुकिएँ । त्यहाँ चैं मान्छे छ भन्ने मैले देखिन भनेर भन्ने र हामीले हेर्दै जाँदा चैं त्यो प्रमाणित नहुँदा अदालतले पनि छोड्नुपर्ने अवस्था आयो । त्यसलाई एउटा संशोधन नगरी नहुने भा' थियो । त्यसमा गरिया' हो ।

अर्को कुरा न्याय प्रशासन ऐनमा हाम्रो अहिलेको रेगुलर लिगल प्रोसिजरमा यस्तो केसहरूलाई सारै समय लाग्ने र समयमा न्याय नपाइने । जस्टिस डिले इज जस्टिस डिनाइड भनिन्छ । त्यसैले यस्तो केसहरूलाई प्राथमिकताका साथ राख्नुपर्छ भनेर न्याय प्रशासन ऐनमा संशोधन गर्ने काम पनि दियो । अर्को यसले विषय समात्यो । र त्यसपछि आएर अपराध संहितामा के छ भन्दाखेरि यसलाई अपराधीकरण गर्ने सन्दर्भमा पनि केही समस्याहरू थिए । यसमा माननीयज्यूले वास्तवमा अगि उठाउनुभो' । के मट्टितेललगायतका अरूबाट पनि यस्तो घटनाहरू घट्न सक्छ ज्वलनशील पदार्थहरूबाट भनेर भन्नुभो' । त्यो सान्दर्भिक छ । प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिले यो विषयमा छलफल गरेरै ल्याएको प्रतिवेदनको दफा ३ मा रहेको

तेजाब भन्ने शब्दभन्दा पछि वा अन्य ज्वलनशील पदार्थ भनेर त्यो कुरालाई एड गरेर ल्या' छ । हामी जहिले पनि कानुन बनाउँदा के ध्यान दिनुपर्छ भने एडजस्टिभ लिस्ट बनाउँदा कुनै पनि कुरा छुट्न सक्छ । कहिले मट्टितेल भनिएला, कहिले अर्को के होला, कहिले के होला, केहिले कुनै कारवोन होला होइन । तर ज्वलनशील पदार्थ भनियो भने त्यसले चैं धेरै समेट्छ भन्ने हिसाबले यो मिलाएरै ल्याएको छ । त्यसैले गर्दाखेरि यो नभई नहुने कानुन र अहिले नै यो कानुन क्रियाशील भइरहेको अवस्था र यदि यो पास नहुँदा लिगल भ्याकुम रहनेसमेत कार्यान्वयनबाट चैं यसलाई अहिले अगाडि बढाउनुपरेको अवस्था हो । यति कुरा निवेदन गर्दै यसलाई चैं के छ भन्दाखेरि यही अवस्थामा पारित गरिदिनुहुन म सम्माननीय सभाअध्यक्षज्यूमार्फत माननीय सदस्यज्यूहरूसँग आग्रह गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजादारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजादारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजादारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन

हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) ले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँग बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनहुन अनुरोध गर्दछु ।

माननीय भगवती न्यौपाने । समय ३ मिनेट ।

**<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ को सैद्धान्तिक पक्षको विषयमा हामी यहाँ छलफल गर्दै छौं । र यो यौन हिंसा वास्तवमा नियन्त्रण भएको छैन । र यो नियन्त्रण हुने खालको सङ्केत पनि छैन । हामीले दिनदिनै यस्ता घटनाहरू सुनिरहेका छौं । जुन दर्दनाक घटनाहरू, आफ्नैबाट समेत बलात्कृत हुने, यौन हिंसाको सिकार हुने बालिकाहरूसमेत महिलाहरू यस्तो खालको अवस्था छँदै छ । र यो बारेमा हामी धेरै बहस पनि गरेका छौं । समाजमा वास्तवमा जो पीडकहरू छन् । ती पीडकहरू, अपराधीहरू सबैको साझा दुश्मन हुन् । त्यसैले गर्दाखेरि राज्य कानुन बनाउने सन्दर्भमा गम्भीर बन्नुपर्छ भन्ने चैं लाग्दछ । विभिन्न इन्टरन्यासनल फोरममा पनि कमिटमेन्ट गरेको छ नेपालले । धेरै देशहरूमा गएर युएनलगायतका

देशहरूमा गएर कमिटमेट गरेको छ । महिलामाथि हुने हिंसा चाहे त्यो बलात्कार होस्, चाहे त्यो अरू खालका यौनजन्य हिंसालगायत सबै खालका हिंसाहरूको विरुद्धमा त्यसको अन्त्य गर्ने भनेर प्रतिबद्धतासमेत जनाएको छ । तर पनि त्यस्तो हिंसाहरू नियन्त्रण भएको अवस्था छैन । त्यसैले गर्दाखेरि राज्यको ध्यान गम्भीर रूपमा जाओस् भनेर भन्न म चाहन्छु ।

र अर्को, हामी यही सम्मानित सदनबाट यो हदम्यादको विषयमा बालिकाहरूको सन्दर्भमा बालिकाहरूमाथि हुने बलात्कारको विषयमा हद म्याद नराख्ने भनेर चैं यही सम्मानित सदनमा हामी सङ्कल्प प्रस्ताव पारित गरेका थियौं । सबै माननीयज्यूहरूले गम्भीर ढङ्गले छलफलमा भाग लिनुभएको थियो । गम्भीर ढङ्गले आफ्ना कुराहरू पनि राख्नुभएको थियो । त्यसैले म फेरि पनि भन्न चाहन्छु यो बालिकाहरूको सन्दर्भमा हद म्याद नराखियोस् र यौनजन्य हिंसाहरू, यौन हिंसाहरूको विषयमा पनि राज्य गम्भीर बनोस् र त्यहीअनुसारको कानुनमा व्यवस्था गर्नका निम्ति पनि म अनुरोध गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय डा. विमला राई पौडयाल । समय ३ मिनेट ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**ः- सम्माननीयज्यू, पीडितहरूले विश्वास गर्ने, भरोसा गर्ने कि सरकारलाई हो, कि जनप्रतिनिधिलाई हो । हामीले यौन हिंसाका पीडितहरू विशेष गरिकन नाबालक, नाबालिकाहरूमाथि भएको यौन हिंसा र त्यसले पारेको शारीरिक र मानसिक अवस्थाका कारण, त्यो पीडाका कारण उनीहरूले कानुनले दिएको हद म्यादको समयमा आफूले रिर्पोट गर्न नपाउने । अनि जब चैं उनीहरू मानसिक विच्छित्ताको अवस्थाबाट केही अलिकति आँट लिएर, हिम्मत लिएर रिर्पोट गर्नको लागि तयार हुन्छन्, न्याय खोजनको लागि तयार हुन्छन् त्यति बेला कानुनको तगारोले, यो हद म्यादको तगारोले उनीहरूले रिर्पोटसम्म गर्न नपाउने । त्यसपछि अनुसन्धानका, त्यसपछि न्याय प्रक्रियाका कुरा त परै जाओस् रिर्पोटसम्म गर्न नपाउने जुन प्रावधान छ त्यो प्रावधान हटाइयोस् भनेर सशक्त रूपमा आवाज पनि उठ्यो, धेरै पीडितहरू पनि त्यो प्रावधानका कारणले छुटेको पाइयो, जनप्रतिनिधिहरूलाई पनि गुनासो आयो, सरकारलाई पनि आयो । त्यहीअनुसार हामीले यही सदनबाट, यही

हलबाट माननीय कमला पन्तज्यूको संयोजकत्वमा, उहाँहरू अगुवाइमा सबै दलहरू मिलेर सङ्कल्प प्रस्ताव पारित गरियो । पारित गरिसकेपछि प्रधानमन्त्रीज्यूले पब्लिक रूपमा सबैको अगाडि त्यो भिडिओ छ हामीसँग । नाबालकको केसमा हामी हद म्याद हटाउँछौं भनेर प्रतिबद्धता जनाउनुभयो । जनप्रतिनिधिको प्रतिबद्धता पनि आयो, प्रधानमन्त्रीको, सरकारको प्रतिबद्धता पनि आयो ।

त्यसपछि हाम्रा माननीय मन्त्रीज्यू जुन मन्त्रीज्यू चैं कानुन पढेरै आउनुभको' छ र हामीले उहाँमा धेरै विश्वास गरेका छौं । उहाँले पनि यहाँ पनि भन्नुभयो र प्रष्ट रूपमा हामीलाई पनि भन्नुभयो "मलाई भरोसा गर्नुस्" । तर अहिले प्रतिनिधि सभाबाट आउँदाखेरि यो हदम्यादको प्रावधान १ वर्षबाट २ वर्ष, २ वर्षबाट ३ वर्ष भएर आएको छ । गुच्चा खेल्या' जस्तो । यो सङ्कल्प प्रस्ताव भनेको सदनले पास गरेपछि त्यसको कानुनको हैसियत हुन्छ भन्ने मैले बुझ्या' हो । कानुनी रूपमा मैले बुझ्या' छैन भने कानुनी पढेको हाम्रो मन्त्रीज्यू हुनुहुन्छ । उहाँले सम्झाउनुपर्यो सङ्कल्प प्रस्ताव के हो भनेर । सङ्कल्प प्रस्ताव पारित भइसकेपछि त्योबाट तल जानु हुँदैन भन्ने हाम्रो मान्यता हो । र म चैं त्यो मान्यतामा अझैं पनि अडिक छु र यसमा संशोधन हालेर व्यापक छलफल गरियोस् भनेर मैले प्रस्ताव गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय अनिता देवकोटा । समय ३ मिनेट ।

**<u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, यौन हिंसाविरुद्धको केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथिको छलफलमा हामी रहेका छौं । प्रतिनिधि सभाबाट सन्देशसहित यो विधेयक प्रस्तुत भएको छ । यौन हिंसा विरुद्धका अहिले धेरै रूपहरू छन् । यसलाई नियन्त्रण गर्नेका लागि हाम्रा कार्यविधिहरू सशक्त हुनुपर्छन् भन्ने हाम्रो भनाइ हो । यही संसदमा हामीले सङ्कल्प प्रस्ताव राख्यौं । बालबालिकामाथि हुने बलात्कारसम्बन्धीमा हद म्याद लगाइनुहुँदैन भनेर हामीले राख्यौं र बलात्कारसम्बन्धीमा पनि १ वर्षको प्रावधानले अब उजुरी गर्ने कुराहरू त्यतिले मात्र पुग्दैन । त्यसैले यो जघन्य अपराध हो । यस्ता जगन्य अपराधहरूलाई हद म्यादले खुम्चाइदिने हो भने पीडकहरू अझ धेरै अपराध गर्न उद्धत हुन्छन् । उनीहरूलाई प्रोत्साहित हुन्छ र पीडितहरू सधैं हिंसाको सिकार भइरहनुपर्ने हाम्रो अवस्था रहेको छ ।

अहिले हाम्रो सामाजिक र सबै कुराको दृष्टिकोणले पनि के देखिरहेको छ भने जो बालबालिका जसलाई यौन के हो, यौनिकता के हो भन्ने कुरा थाहा हुँदैन त्यस्ता बालबच्चाहरूलाई बलात्कारको सिकार भइरहेको अवस्थामा यसलाई हद म्याद राखिनुहुँदैन भनेर हामी यहाँबाट सङ्कल्प पनि प्रस्ताव पास तर प्रतिनिधि सभाबाट आउने बेला के भयो भने यो हद म्यादलाई किशोर म्याचुयर भएको ३ वर्ष भनेर राखियो । अर्को बलात्कारको केसमा १ वर्षको प्रावधानलाई २ वर्ष राखियो । म के अनुरोध गर्न चाहन्छु भने सम्मानित सभाका माध्यमबाट यस्ता जगन्य अपराधलाई हामीले हल्का रूपमा लिनुहुँदैन । त्यसैले बालबालिकामाथि हुने जुन बलात्कारका केसहरू यसलाई हद म्याद हटाइनुपर्छ । र अन्य केसहरूमा पनि यो जति प्रतिनिधि सभाबाट २ वर्ष आएको छ र बालबालिकाको हकमा ३ वर्ष आएको छ । यो अत्यन्तै थोरै छ भन्ने मलाई लाग्छ । त्यसैले यो हद म्याद बढाइनुपर्छ भन्ने मान्यताका साथ राज्यलाई म सरकारलाई के आग्रह गर्न चाहन्छु भने यस्ता अपराधिक घटनाहरू फास्ट ट्र्याकका माध्यमबाट, प्रभावकारी अनुसन्धानका माध्यमबाट छिटोभन्दा छिटो न्याय दिने कुरामा जानुपर्छ । न्याय ढिलो हुनु भनेको न्याय नपाउनु बराबर हो । त्यसैले यस्ता कुराहरूमा सरकारको ध्यान जाओस् र हद म्यादका कुराहरू बालबालिकाको हकमा लगाइनुहुन्न भन्ने आफ्नो कुरा राख्दै बिदा हुन्छु । धन्यावाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय तुलसा कुमारी दाहाल । समय ३ मिनेट ।

**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, हामी जुन विषयमा छलफल गरिरहेका छौं यो विषय गम्भीर विषय हो । जसले आफ्नो आवाज आफै उठाउन सक्दैन उनीहरूको विषयमा हामीले सङ्कलप प्रस्तावको रूपमा राख्यौं र मभन्दा अगाडि दुई जना माननीयहरूले जे कुरा राखुभएको छ त्यसमा म समर्थन गर्न चाहन्छु । र हामी आज कसरी प्रतिनिधि सभाबाट जुन कुरा आएको छ यो तेजाबसँग सम्बन्धित चैं जहिले उजुरी गरेको भए पनि कारबाही गर्ने भन्ने कुरो छ । तर यस्तो सम्वेदनशील विषयमा कसरी प्रतिनिधि सभाबाट ३ वर्षको लागि मात्र पारित भयो अचम्म लग्या' छ । र एउटा ठुलो पङ्ति निराश हुने छ । हामी यही रूपमा १ वर्ष, २ वर्ष, ३ वर्ष मात्र गयौं भने ठुलो पङ्ति चैं निराश हुने छ । र यो

आशावादी भइरहेको पङ्तिलाई निराश नबनाऊँ । र बालबालिकाहरूमाथि भएको जुन एउटा हद म्यादको उजुरी छ यो उजुरीलाई चैं हामीले सङ्कल्प प्रस्ताव दर्ता गरेको जस्तै राखिनुपर्दछ ।

सम्माननीय अध्यक्ष महोदय, जतिखेर चन्द्र शमशेरले सति प्रथाको उन्मूलन गरे त्यतिखेर पनि गाह्रो भएको थियो होला । तर चितामा जलिरहेको त्यो महिलाहरूको त्यो अनुहारलाई हेरेका थिए, समाजलाई हेरेका थिए, परिवारलाई हेरेका थए, बालबच्चालाई हेरेका थिए भने आज हामी ती बच्चाहरूलाई सम्झीऊँ जो ९ महिनामा, ९ वर्षमा बलात्कृत भइरहेका छन् । अझ अपाङ्ग, अशक्त, असहाय, ज्येष्ठ नागरिकको बारेमा पनि हामीले सम्बोधन गर्नुपर्थ्यो । अझ हामी चैं ब्याक भइरहेका छौं । र म यो सम्मानीय सभाबाट के अनुरोध गर्न चाहन्छु भने हामी यो विषयमा अझै पुनर्विचार गरौं र यो कानुनलाई सम्बृद्ध बनाउनको निम्ति सोच्नुपर्छ र हद म्याद राखिनुहुन्न र अझ थपेर अशक्त, असहाय, अपाङ्ग र ज्येष्ठ नागरिकको हकमा पनि हद म्याद राखिनुहुन्न भन्ने कुरोमा जोड दिन चाहन्छु । हवस् त धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गंगा कुमारी वेलवासे । समय ३ मिनेट ।

**माननीय श्री गंगा कुमारी वेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी गम्भीर विषयमा छलफल गरिरहेका छौं । र आज सदनमा पेस भएका विधेयकहरू असाध्यै गम्भीर प्रकृतिका छन् । र यसमा अहिले बोलिराख्ने माननीयज्यूहरूको अवस्था हेर्दा पनि महिलाहरूले मात्रै बोल्ने विषय उठे जस्तो देखेर मलाई अलिकति ताजुक लागिरहेको छ, अलिकति अचम्ममा परिराखेको छु । यो विषयमा सबै माननीयज्यूहरूले नभए पनि समावेशी ढङ्गले बोल्नुपर्थ्यो भन्ने मलाई लागेको छ ।

र अहिले म राख्न चाहन्छु कि यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि छलफल गर्दाखेरि हामीले यो कानुन असाध्यै आवश्यक भएर सदन विघटन भएको बेलामा अध्यादेशबाट हामीले कानुन बनाएर अगाडि बढिराखेका छौं । यसमा कानुनको आवश्यकता भ'को र अध्यादेशबाट ल्याएको कानुनलाई अगाडि बढाइराख्न नसक्ने भएको हुनाले यो विधेयक आएको छ । र यसमाथि व्यापक छलफल

गर्न जरुरी थियो । र यो विधेयक आइराख्दाखेरि हामीले राष्ट्रिय सभामा सङ्कल्प प्रस्तावको रूपमा बलात्कारमाथि भएको हद म्याद बारेको प्रस्तावमाथि हामी छलफल गर्यौं त्यसमाथि आआफ्ना विचारहरू पनि हामीले राख्यौं । र मैले अलि फरक प्रकृतिको विचार पनि राखेको थिएँ । हद म्यादको सन्दर्भमा अहिले मैले बोल्नै पर्छ । बालिक भएको १० वर्ष म्याद कम्तीमा राख्नुपर्छ । अहिले हामीले घटनाहरूलाई हेर्यौं भने बच्चाहरू ७ महिना, ८ महिना, १० महिनामा पनि बलात्कार भएका घटनाहरू आइरहेका छन् । ७ वर्ष, ८ वर्षदेखि लगायत उनी बच्चा, बालिक नहुँदैका घटनाहरूमा हामीले छलफल व्यापक गरेका छौं । र यस्ता घटनाहरू पछिल्ला उमेरहरूमा पनि भइरहेका छन् । अशक्तहरूको, असहायहरूको हदमा चैं हद म्यादै राख्नुहुँदैन । बच्चाहरू बालिक भएपछि १० वर्षको हद म्याद राख्नुपर्छ र अन्यको हकमा भएको १ वर्षलाई बढाएर कम्तीमा ३ वर्ष राख्नुपर्छ भन्ने मेरो मान्यता हो । हवस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सुमित्रा वि.सी. । समय ३ मिनेट ।

**<u>माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- अध्यक्ष महोदय, यो यौन हिंसासम्बन्धीको हद म्यादको बारेमा म पनि आफ्नो भनाइ हामीले यही राष्ट्रिय सभामा सङ्कल्प प्रस्ताव जुन प्रस्तावक कमला पन्तलगायत हामी अरू समर्थकहरू थियौं । यो १८ महिनाको बालिका र ७० वर्षमाथिका ज्येष्ठ नागरिकहरूमाथि जगन्य अपराधहरू भइराख्या छन् । घरैमा पनि सुरक्षित छैनन् र विद्यालयमा पनि सुरक्षित छैनन् । यस्ता जघन्य अपराधीहरूलाई कारबाही गर्नका निम्ति जतिबेला जुन मान्छे सबल हुन्छ जतिबेला उसलाई चैं त्यो बदला लिने अथवा कारबाही गराउने सक्षम हुन्छ त्यति बेलासम्म यसको हद म्याद राख्न हुँदैन भन्ने जुन हामीले सङ्कल्प प्रस्ताव पास गरिसकेका छौं माननीय कानुन मन्त्री विद्यार्थी राजनीतिक कालदेखि एउटा आन्दोलनमा लाग्नुभ'को र अहिले हिजोका शासकहरूले अन्याय, अत्यचार गर्यो भनेर आवाज उठाउँदै आउनुभ'को । अहिले आफै त्यो ठाँउमा जुन ठाँउमा कानुन बनाउने ठाँउमा पुग्नुभ'को छ र कानुनको विज्ञ पनि हुनुहुन्छ । उहाँले यस्ता कुरामा यो जतातत‍ैबाट आवाज उठिराखेको र स्वयम् आफ्ना देशमा आधा शक्तिमा रहेका आमा, दिदीबहिनी, बालबालिकाहरूको एउटा अस्मिताको लागि सुरक्षाको लागि कानुन बनाउने कुरामा कन्जुस्याइँ गर्नुनै छैन र यो

सम्पूर्ण आवाजको कदर गर्दै यो कुरोलाई समेटेर ल्याउनुहुने छ । प्रतिनिधि सभाबाट पनि आवाज उठ्दा उठ्दै यसलाई अलिकति जबरजस्ती पास गराए जस्तो हामीलाई महसुस भएको छ र यो राष्ट्रिय सभाले त पहिला सङ्कल्प प्रस्ताव पनि पास गरिसकेको छ । यसलाई एकदम जोडदारका साथ यो हद म्यादको कुरोलाई नराखेर यो हद म्याद हटाइयोस् भन्ने भनाइ टुङ्ग्याउछु । हवस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जयन्ती देवी राई । समय ३ मिनेट ।

**<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूले एकदमै यो विषयलाई महत्त्व दिएर उठाइसक्नुभएको छ । र हामीले यो परिकल्पना गर्या थिइनौं कि आज यो यति धेरै जताततै बाहिर सडकदेखि लिएर सदनसम्म यति लामो, यति चर्को गरी चैं यो आवाज उठ्दा पनि हामीले एकदमै नसुने नसुने जस्तो गर्ने भन्ने कुरा यो अत्यन्तै आज सुहाउँदैन हेर्नुस् । र कानुन मन्त्री आफै कानुनको व्याख्यता र हामी भोलि के व्याख्या गर्छौं र हामीले सङ्कल्पको प्रस्ताव पारित गरिसकेका थियौं । र त्यति बेला हामीले यो यस्तो रिजल्ट आउँछ भन्ने हामीलाई लगेको थिएन । त्यसकारणले गंगा वेलवासे माननीयज्यूले भन्नुभएजस्तै हामी कति गम्भीर छौं हाम्रो सन्तानप्रति? के सन्तानहरू आज महिलाहरूको मात्रै हो? आज महिला, आमाहरूको मात्रै हो? आमाहरू यति धेरै आज हामी त्यो पीडाप्रति हामी गम्भीर भएर हामी बोलिरहेका छौं । तर आज स्वयम् आज माननीयज्यूहरू, आज मन्त्रीज्यूहरू कानुन ल्याउनको निम्ति उहाँहरू एकदमै कन्जुस्याइँ गरिरहनुभएको छ । यसले के बेफाइदा गर्छ? आज नाबालकहरूको हकमा आज हामीले चैं हद म्याद राखिनुहुन्न भन्ने कुराले के हामीलाई बेफाइदा गर्छ? तर हेर्नुस् यसले यही ढङ्गको कानुन निर्माण गर्यौं भने यो एकदमै सामाजिक अपराध हो । त्यसकारण यो समाजमा पनि हामी एकदमै यो सामाजिक अपराध भा'को कारणले पनि यो समाज त्यसै पनि हामीले यसलाई चैं यो खालको विकास गर्नको निम्ति प्रेरित गर्न भनेको चैं हामीले कसैलाई पनि न्याय दिन सक्दैनौं । त्यसो भ'को कारणले म पनि माननीयज्यूहरूले भन्नुभएजस्तै यो विषयलाई हामीले हुनत अब तेजाबको पनि त्यही हो । ..... त्यसले महिलाहरूलाई नै बढी मात्रामा अहिलेसम्म त्यसले बढी हिंसा गरिरहेको छ । तर पनि

नाबालिकाको हकमा, वृद्धाहरूको हकमा भन्ने कुरा छुट्टै विषय हो । त्यसकारणले जो बोल्नै नसक्ने अवोध उनीहरूको के दोष थियो? त्यसकारणले पुनःविचार गरिनुपर्छ । यो विषयमा चैं पुनःविचार गरेर मात्रै हामीले यसलाई पारित गर्नुपर्छ भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा (पार्वती) । समय ३ मिनेट ।

**<u>माननीय दिल कुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यौन हिंसाविरुद्धको केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि हामी छलफलमा छौं । यौनजन्य जघन्य अपराध हो । बालिका, महिलाहरू, बालिका बलात्कार, सामूहिक बलात्कार, बलात्कारपछि हत्या जस्तो यो जगन्य अपराधको विषयमा हामी हतार हतार छलफलमा छौं । र धेरै माननीय सदस्यज्यूहरूले विषय राखिसक्नुभा'को छ । यो विषय केवल महिलाहरूको सवाल होइन । यो सिङ्गो समाजको सवाल हो, सिङ्गो राष्ट्रको सवाल हो यो । यो हामी सबैको साझा सवाल पनि हो । अपराध अपराधै हो । अहिले हामी कानुन निर्माणको चरणमा बसिरहँदा, छलफल गरिरहँदा यसलाई त्यही संवेदनशीलताको पूर्वक हेरिनुपर्छ । र हामीले सङ्कल्प प्रस्ताव पनि हामीले यो सिङ्गो राष्ट्रिय सभाबाट पारित भ'को छ ।

सङ्घीय संसद भन्नेबित्तिकै प्रतिनिधि सभा, राष्ट्रिय सभा आज प्रतिनिधि सभाबाट यो पास भएर सन्देशसहित राष्ट्रिय सभामा प्रवेश गरेको छ र हामी छलफलमा पनि जुटिरहेका छौं । यो संवेदनशील विषय जब हामी कानुन निर्माण गर्दै छौं आज समाज सुरक्षित छैन । आज छोरीहरू, आमाहरू, हजुरआमाहरू आफ्नै आफन्तबाट जुन हिंसा पीडित भइरहेको छ । र अपराध घटिरहेको छ, अपराध बढिरहेको छ । हामी अपराधलाई घटाउन चाहन्छौं । यसलाई अन्त्य गर्न चाहन्छौं । त्यसका लागि कानुन निर्माणको चरणमा हामी जुटिरहँदा त्यही संवेदनशीलताबाट हामी छलफल गर्नुपर्छ । कानुन निर्माण सत्ता र प्रतिपक्षको विषय होइन सिङ्गो संसदको विषय हो । आज राष्ट्रिय सभा सङ्कल्प प्रस्ताव पारित गरेको राष्ट्रिय सभा, प्रतिनिधि सभाबाट आ'को विधेयक हामी जस्ताको तेस्तै पास गर्छौं राष्ट्रिय सभाको औचित्यतामा पनि प्रश्न चिह्न उठ्छ । त्यसैले

मेरो सबै सम्माननीय अध्यक्षज्यू मार्फत सरकारलाई विशेषतः त्यसपछि हामी सबै माननीय सदस्यज्यूहरूलाई मेरो अनुरोध छ, आग्रह छ ।

यो एउटा समाजको कलङ्कको रूपमा र'को, राष्ट्रको कलङ्कको रूपमा र'को यो यौनजन्य हिंसा हामीले हाम्रो संविधानमा सम्मान पूर्वक बाँच्न पाउने अधिकार, महिला हक, बालिकाको हक, समाजिक न्यायको हक, समाजिक सुरक्षा न्यायको हक र न्यायको उपचारको हक यो सबै मौलिक हकका व्यवस्था हामीले संविधानमा गरेका छौं । त्यो कार्यान्वयन गर्नको लागि आज समाजमा बढिरहेको हिंसा अन्त्य गर्नको लागि यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्न यो विधेयक आइरहँदा यो विधेयकको मर्मलाई हामीले आत्मसाथ गर्नुपर्छ । राष्ट्रिय सभाबाट पारित भएको सङ्कल्प प्रस्तावको मर्मलाई आत्मसाथ गर्नुपर्छ । त्यही हिसाबले हामी अगाडि बढ्नुपर्छ । र आज हामी विचार गरियोस्मा छलफल गरिरहेका छौं । यो समितिमा जाने छ । र हामी दफावार छलफलमा अझ यसलाई समृद्ध बनाउनु छ । यसलाई सुधार गर्नुपर्छ भन्ने म आफ्नो मत जाहेर गर्न चाहन्छु । धन्यावद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाको कानुन, न्याय र मानव अधिकार समितिमा पेस भएको यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक त्यहाँ छलफल भएर एउटा खालको टुङ्गोमा पुगेर प्रतिनिधि सभाले पारित गरेर त्यो सन्देशसहित यहाँ आइपुगेको छ र माननीय सदस्यहरूले त्यसको सैद्धान्तिक छलफलको क्रममा थुप्रै कुराहरू उठाउनुभा' छ । सबैभन्दा पहिला यो छलफलमा भाग लिनहुने माननीय सदस्यहरूलाई म सरकारको तर्फबाट धन्यवाद दिन चाहन्छु । मूल रूपमा

दुईओटा इस्युहरू यहाँ उठ्यो । एउटा चैं माननीय भगवती न्यौपानेले यौन हिंसा नियन्त्रण हुन नसकेकोतर्फ चिन्ता व्यक्त गर्नुभो' । दोस्रो अरू सबैको एउटै हद म्यादसम्बन्धी सङ्कल्प प्रस्ताव पारित हुनुका बाबजुद सरकारले अहिले लेराइरहेको विधेयकले त्यो सङ्कल्प प्रस्तावको पालना गर्न सकेन । समाजका विभिन्न कोणहरूबाट उठिरहेका प्रश्नहरूको जवाफ दिन सकेन र सरकार जवाफदेही हुन सकेन । समग्रमा दिल कुमारी माननीयज्यू बोल्दासम्म यही कुरा आयो ।

सबभन्दा पहिला माननीयज्यूहरूले उठाउनुभएको कुराप्रति सरकार असहमत छैन । तर यो विधेयक जुन परिस्थितिमा आयो यो कन्टेक्स्टमा ती कुरा आउन सक्थ्यो कि सक्दैन थियो? त्यसतर्फ सम्माननीय अध्यक्षज्यूमार्फत माननीय सदस्यज्यूहरूको ध्यानाकर्षन गराउन चाहन्छु । यौन हिंसाविरुद्ध केही ऐनलाई संशोधन गर्न अध्यादेश जारी भएको थियो । जसले मुलुकी ऐन अपराधिक संहिता, २०७४ मा भएका जबरजस्ती करणीको परिभाषादेखि लिएर जबरजस्ती करणीमा चैं मिलापत्र गराउने प्रयत्न गर्ने व्यक्तिहरूलाई अपराधीकरण गर्नेदेखि लिएर कसुर गरे बापतको क्षतिपूर्ति र जरिमाना बापत लगाइने कुरालाई पनि यता क्षतिपूर्तिको रकममा ल्याउने कुरादेखि लिएर अपराध संहितामा प्रोसेस स्पिड अप गर्नेदेखि लिएर यी सबै कुराको व्यवस्था गरेको थियो र जसले यौन हिंसालाई सम्बोधन गर्ने कुरामा एक स्टेप अगाडि हाम्रो लिगल सिस्टम बढ्या' थियो । प्रतिनिधि सभा सुरु भइसकेपछि र राष्ट्रिय सभा सुरु भइसकेपछि यसको संवैधानिक बाध्यता ६० दिनभित्र प्रमाणीकरण हुनुपर्ने, सरकारले प्रतिस्थापन विधेयक ल्याउनुपर्ने क्रममा र प्रतिस्थापन विधेयकको मस्यौदा भइसकेपछि त्यति बेला एउटा घटना घट्यो ।

मनोज पाण्डे नाम गरेका एक जना व्यक्तिले ८ वर्ष पहिला उनले सञ्चालन गरिरहेको व्यवसायमा झुक्याएर गरेको एउटा यौन हिंसा र खास गरी बलात्कारको घटनामा पीडित हुनुभएका एक जना किशोरीले कसरी नियमित रूपमा उहाँ एक्सप्लोइटेड हुनुभो', अब्युज गरियो र त्योपछि प्रकारान्तरै अरू मान्छे पनि त्यसमा इन्भल्भ हुने जुन भिडिओहरू सार्वजनिक भए त्यसपछि नेपालको कानुन प्रणालीमा खास गरी हद म्यादका सन्दर्भमा एउटा गम्भीर प्रश्न उठाए । के वास्तवमा स्ट्याच्युट अफ लिमिटेसन हद म्यादका कारणबाट इन्साफ नपाइने स्थिति यहाँ रहेछ भन्ने प्रश्न उठ्यो । व्यापक पब्लिक डिबेट भयो । संसदमा कुरा उठ्यो । राष्ट्रिय सभाले सङ्कलप प्रस्तावनै पारित गर्यो । तर जुन अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको विधेयक हो त्यहाँ सरकारले

एड्रेस गरेर यो सबै कुरालाई ल्याउने सन्दर्भमा कति सम्भव हुन्छ भनेर हामीले प्रयत्न गर्यौं । मैले यसै सम्मानित सभालाई यसै रोस्ट्रममा उभिएर निवेदन गरेको थिएँ । कि यसमा कानुन आयोगलाई अध्ययन गर्न लगाइको छ । घटना घटेको भोलिपल्ट अध्ययन गर्न हामीले लगायौं । त्यो अध्ययन गरेर आएको प्रतिवेदनपछि कानुनमा व्यापक सुधार गरिने छ । एउटा पक्षमा मात्र होइन यसका अरू पक्षसमेत हेरिने छ भनेर यसै सम्मानित सभामा सम्माननीय अध्यक्षज्यूमार्फत मैले निवेदन गरेको थिएँ । प्रतिनिधि सभामा पनि प्रश्न उठ्यो । अध्ययनको क्रम जारी छ । ६० दिनभित्र पास गर्नुपर्ने बाध्यता छ । अनि त्यतिकै अवस्थामा सरकारले यसमा इन्ट्रोभेन गर्न सक्ने अवस्था हुँदैन थियो । त्यो समितिको क्षेत्राधिकार सुरु भइसक्या थियो । सरकारले कानुन मन्त्री एउटा सदस्यको हैसियताले उपस्थिति हुनेबाहेक सरकारको खासै भूमिका नहुने कुरा मभन्दा बढी माननीय सभामुखहरू जानकार हुनुहुन्छ भन्ने मलाई लाग्छ ।

सम्माननीय अध्यक्ष महोदय, त्यसपछि केही घटनाहरू प्रतिनिधिमुलक घटनाहरूका सन्दर्भमा चर्चा सुरु भयो । धेरै ठाँउको प्रतिनिधि सभा र राष्ट्रिय सभा मात्रै होइन मैले कानुन मन्त्रीको हैसियतले मैले विभिन्न पब्लिक फोरमहरूमा विभिन्न कुराहरू सुन्ने त्यसलाई रेसपोन्ड गर्ने कामहरू पनि गर्या छु । तीनओटा प्रतिनिधिमुलक घटनाको चर्चामा मैले हिजो प्रतिनिधि सभाको बैठकमा गरेको थिएँ । एउटा मनोज पाण्डेको घटना जसले हद म्यादको कारणबाट इन्साफ इन्कार गरिएको । न्याय इन्कार गरिएको प्रतिनिधि मुलक घटना हो । अर्को पल शाहको घटनामा उठाइएका प्रश्नहरू र त्यसमा स्टाच्युटरी रेपको कारण सहमतिमा सम्बन्ध हुँदा पनि बिग्रिसकेपछि जाने घटनाको रूपमा समाजले उठाइरहेको कुरालाई पनि नोटिसमा लिनुपर्ने ।

अर्को अछाम जिल्ला अदालतमा एक जान जबरजस्ती करणीबाट पीडित हुनुभएको महिलाले गर्नुभएको उजुरमा अनुसन्धान गर्दा, छानबिन गर्दा र अभियोग लगाउँदा अदालतले प्रतिवादीलाई निर्दोष ठहर गर्दै गर्दा तत्काल बाहल रहेको कानुनअनुसार झुट्ठा उजुरी दिएको भनेर साढे ३ वर्ष कैद गरेको घटना जुन मान्छेले आफूलाई बलात्कार भयो भनेर उजुर गर्न जानुहुन्छ त्यो मान्छे उल्टो सजाय पाएर आउनुपर्ने अवस्था । यी प्रतिमूलक घटनाले हाम्रो समाजको चरित्र, हाम्रो कानुनको चरित्र, हाम्रो न्याय प्रणालीको चरित्रलाई प्रष्ट रूपमा अगाडि सारेको थियो ।

यो हद म्यादसम्बन्धी अध्ययन गरिरहँदा केवल स्ट्याच्युट अफ लिमिटेसन अथवा हद म्यादमा मात्र केन्द्रित भएर होइन । अगि माननीय भगवती न्यौपानेले उठाउनुभा' जस्तो जतिसुकै नियम कडा बनाउँदै जाँदा पनि यौन हिंसाहरू बढ्दै जाने, ग्यान्ङ रेपहरू बढ्दै जाने गरेको अहिले अवस्था देखिन्छ । त्यसैले यो रिभ्यू गर्दाखेरि ओभरअल नेपालको लिगल सिस्टम र कानुनी प्रावधानको रिभ्यू एकातिर आवश्यक छ भने एट द सेम टाइम किन त्यहाँ चैं कन्भिक्सनको रेट कम छ । अहिले बलात्कारसम्बन्धी मुद्दामा अदालतहरूबाट फैसलाको रिभ्यू गरियो भने त्यहाँ प्रमाण नपुगेर धेरै मान्छेहरू छुटिरहेको र झुट्टा उजुर गरेको भनेर मान्छेले सजाय पाएको देखिन्छ ।

यद्यपि हिजो प्रतिनिधि सभाबाट जुन पारित भएर आएको विधेयक छ त्यसमा सजाय गर्नेसम्बन्धी व्यवस्थालाई समितिबाट हटाइएको छ । त्यसलाई हटाइएको छ । वास्तवमा पीडितलाई नै सजाय गर्ने यो उपयुक्त व्यवस्था होइन । तर पहिला कानुन बाहल थियो । कानुन खारेज भइसकेपछि अदालतको न्यायाधीशले गर्या त्यहाँ चैं के छ भने सजाय गर्या हुनाले न्यायाधीशै कारबाहीमा तानिनुभा' छ । त्यो छुट्टै पक्ष म त्यता जान चाहन्नँ । तर प्रश्न कहाँनिर हो भने यसको ओभरअल एकदम ओभरनाइट लमा रिफर्म गर्ने, नगर्नेबित्तिकै सरकार चुकेको, मन्त्रीको कमिटमेन्ट पूरा नभएको र सम्माननीय प्रधानमन्त्रीज्यूले पब्लिक्ली बोल्नुभएको कुरा पूरा नभएको अर्थ नगर्दा नै वास्तवमा हामी यसको सिस्टममा सुधार गरेर जान सक्छौं भन्ने कुरा म सम्माननीय अध्यक्षज्यूमार्फत माननीय सदस्यज्यूहरूउपर दर्खास्त गर्न चाहन्छु, अनुरोध गर्न चाहन्छु । सरकार यसमा संवेदनशील छ ।

हामीले हेर्नुपर्ने केही अरू धेरै पक्षहरू पनि छ । किन हाम्रो क्रिमिनल इन्भेस्टिगेसन इफेक्टिभ हुन सक्दैन? मान्छेहरूले टाइममा किन रिर्पोट गर्न सक्नुहुन्न? सामाजिक हाम्रो सोसियल कन्टेक्सट के छ? त्यो सबै चिजलाई हेर्नुपर्ने हुन्छ एकातिर भने हामीले जसरी अगि एकछिन अगाडि मात्रै हामीले तेजाबसम्बन्धी कानुन पारित गर्दाखेरि बर्डन अफ प्रुफ हद म्याद मात्र बढाएर होइन बर्डन अफ प्रुफको हकमा यसमा के गर्न सकिन्छ? किनभने प्रमाणित नहुन सक्छ । मेडिकल एभिडेन्स नभेटिन सक्छ । मान्छेहरूलाई प्रलोभनमा पारेर पनि बलात्कार गरिन्छ जसले गर्दा उनीहरूले प्रतिकार गर्या हुन्नन् र शरीरमा चिथोरिएको, कोतारिएको, कपडा च्यातिएको नहुन सक्छ । त्यसलाई हामी कसरी डिल गर्छौं? त्यसैले यसमा एसोसिएटेड अरू सबै लिगल इस्युजहरू र प्रमाणका रूपमा हेरिनुपर्ने कुराहरूको व्यापक कम्प्रिहेन्सिभ रिसर्च नगरिकन एकाङ्गी

पाराबाट एउटा कुराको पछाडि लागेर हद म्याद पूरै खाली राखेर इन्साफ पाइन्छ भन्ने कुरा हामी मान्न सक्दैनौं किनभने अहिले पनि सक्सेस रेट हेर्ने हो भने, केसहरूको सक्सेस रेट हेर्ने हो भने विदेशी अदालतहरूमा ९८ प्रतिशतदेखि काहीँ काहीँ १०० प्रतिशतसम्म छ । हामी कहाँ केस रेट सार्वजनिक अपराध वा उपद्रो भनिन्छ । त्यसलाई हटाइदिने हो भने सरकारको सक्सेस रेट सुप्रिम कोटसम्म आइपुग्दाखेरि बिलो 40 हुन जान्छ । ६० प्रतिशत मान्छेहरू उन्मुक्ति पाएको देखिन्छ । यस बारेमा हाम्रो धारणा के हो? हामीले रुल अफ इभिडेन्स अथवा प्रमाण कानुनलाई कसरी हेरिरा' छौँ? वा इन्भेस्टिगेसनमा अनएकाउन्टेवल भएर इन्भेस्टिगेसन गर्ने वा इन्भेस्टिगेसनमा प्रतिवादीलाई फाइदा पुग्ने गरी इन्भेस्टिगेसन गर्ने व्यक्तिउपरको कारबाही हामीसँग अरू के छ? यी तमाम चिजहरूको विशेषण वेगर यसको व्यापक अनुसन्धान वेगर स्टयाच्युट अफ लिमिटेसन अथवा हद म्याद बढाएर मात्रै समस्याको समाधान हुन सक्दैन ।

त्यसैले सरकाले यसलाई गम्भीरतापूर्वक यस सम्मानित सदनले पारित गरेको सङ्कल्प प्रस्तावको अधीनमा रहेर त्यसलाई कार्यान्वयन गर्ने क्रममा सरकार यसमा अध्यनरत छ । त्यो अध्ययन प्राप्त भइसकेपछि सबै कानुनहरूको समीक्षा गरेर अहिले हामी ल्यायौं नि अगिल्लो भरखरै हामीले यहाँबाट पास गरेको कानुनमा पनि हामीले प्रमाण कानुनदेखि लिएर कार्यविधि कानुनदेखि लिएर नयाँ प्रशासन ऐनसम्म संशोधनका कुरा लेरायौं किनभने एउटा कुरा त लेरायौं नि तेजाब मात्र भनेर ल्याएनौं नि त । त्यसैले ओभरअल रिफर्म नहुँदासम्म पिस मिल रिफर्मबाट जस्टिस प्राप्त हुन सक्दैन । यति कुरा म सम्माननीय अध्यक्षज्यूमार्फत माननीय यस सम्मानित सभासमक्ष राख्दै यो क्रममा उठेका कुराहरू अत्यन्त सकारात्मक छन् । यसलाई उर्जाको रूपमा सरकारले लिएको छ । थप यो कानुनलाई संशोधन गर्ने क्रममा यसले थप मद्दत गर्न सक्ने छ भन्ने विश्वास व्यक्त गर्दै आफ्ना टिपण्णीहरू, आफ्ना अथवा यसप्रतिका भनाइहरू यहीं टुङ्ग्याउछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९, फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ र यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा मिति २०७९ असार २९ गते अपराह्न २ बजेभित्र संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०७९ असार ३० गते बिहीवार बिहान ११ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ असार ३० गते बिहीवार बिहान ११ बजे बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १५:४४ बजे ।**